बैठक संख्या:७

श्री:

आज मिति २०७६ साल पौष २७ गतेको दिनको १:०० बजेट प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |

| | | | |
|---|---|---|---|
| १५. | | श्री: नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (।।हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री इन्द्र वहादुर कुँवर | उपसचिव प्रा. |
| | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| २९. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३० | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३१ | | [illegible] | [illegible] |

[illegible]

प्रस्तावहरु :-

(१) सँघीय सरकारको समपुरक तथा विषेश अनुदान तर्फको योजना छनौट सम्बन्धमा

(२) लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न वडा छनौट सम्बन्धमा

(३) आगामी वर्षको श्रोत अनुमान सम्बन्धमा

(४) वडा नं १ को भवन निर्माणको लागि जग्गा माग सम्बन्धमा

(५) पालिका स्तरिय खानेपानी, सरसफाई र स्वच्छता समिति गठन सम्बन्धमा

विविधः

(६) (क) सिमसारको ठेक्का सम्बन्धमा

(६) (ख) डिजिटल वोर्डको विद्युत महसुल रकम भूक्तानी सम्बन्धमा

(६) (ग) पूर्ण सँस्थागत सुत्केरी वडा घोषणा सम्बन्धमा

(६) (घ) बालमैत्री वडा घोषणा सम्बन्धमा

नि.नं ७.१ प्रस्ताव नं १ माथी छलफल गर्दा राष्ट्रिय योजना आयोगबाट मिति ०७६/०८/०२ मा प्रकाशित सूचना अनुसार समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र संसोधन कार्यविधि, २०७६ तथा विषेश अनुदान सम्बन्धी कार्यविधि, २०७५ र सँसोधन कार्यविधि, २०७६ वमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ मा सञ्चालन गरिने योजनाहरूको विवरण सबै स्थानीय तहबाट प्रस्ताव सहित पठाउनु पर्ने भएको हुँदा यस नगरपालिकाको लागि तपसिलमा उल्लेखित योजनाहरूमा प्राथमिकताका आधारमा समपुरक तथा विशेष अनुदान माग गर्ने निर्णय गरियो ।

तपसिलः

(क) विशेष अनुदान माग गरिएको योजना

| सि.नं | योजनाको नाम र सञ्चालन स्थल | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | सेनेटरी ल्याण्ड फिल्ड साइड निर्माण, बर्दघाट, ४ | २,००,००,०००। | क्रमागत |
| २ | जनता आवास कार्यक्रम | ३,००,००,०००। | |

ख) समपुरक अनुदान माग गरिएका योजना

| सि.नं | योजनाको नाम र सञ्चालन स्थल | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | गँगाबस्ती विजयनगर धर्मबस्ती राउत, रामु के.सी.को घर हुँदै पुष्पलाल चोक सरस्वती मा.वि. हुँदै वडा नं १६ को कार्यालय हुँदै सिताको चोक सम्म कालोपत्रे सडक , बर्दघाट १४ र १६ | रू ४,८८,२४,७२६।५७ | |
| २ | वडा नं. १३ जयन्ती विद्यालयको पश्चिमको बाटो हुँदै जमुनिया बजार सपहिया हुदुँ गंगाबस्ती चोक सम्म कालोपत्रे गर्ने कार्य (वडा १२, १३, १४) | | |
| ३ | वडा नं. १२ दविला वुद्ध मंगल ताल पश्चिम हुँदै दविल्ला गाँउ हुँदै बडकी भटवलीया सडक कालोपत्रे गर्ने कार्य | | |
| ४ | नौडिहवा पोटाहा कुकुरमारा वडा नं १५ को कार्यालय जाने सडकमा कालोपत्रे गर्ने कार्य | रू २,३५,८२,३६८।५६ | |

नि.नं ७.२ः प्रस्ताव नं २ माथी छलफल गर्दा घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीबाट चालु आ.व.०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार एकिकृत समाज विकास नेपाल, ललितपुर नामक सेवा प्रदायक संस्था मार्फत यस नगरपालिकामा लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा प्रेशित पत्र प्राप्त भएकोमा उक्त कार्यक्रम सञ्चालन गर्न यस नगरपालिकाको वडा नं ८ छनौट गर्ने निर्णय गरियो ।

नि.नं ७.३ः प्रस्ताव नं ३ माथी छलफल गर्दा आगामी आ.व. ०७७/०७८ आन्तरिक आय र वाह्य अनुदान समेतको अनुमानित विवरण तोकिएको ढाँचामा तयार गरी पौष मसान्त सम्म मन्त्रालयमा पेश गर्नु पर्ने कानुनी प्रावधान अनूरूप राजश्व परामर्श समिति र श्रोत अनुमान समितिबाट चालू आ.व. भन्दा १० प्रतिशत बढी हुनेगरी अनुमानित सबै शिर्षकको विवरण तयार गरी सँघिय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

नि.नं ७.४ः प्रस्ताव नं ४ माथी छलफल गर्दा यस नगरपालिका वडा नं १ वडा समितिको ०७६/८/१५ को वैठकबाट भएको निर्णय एवँ वडा कार्यालयको सिफारिस बमोजिम वडा कार्यालय भवन निर्माणको लागि जग्गा नभएको हुँदा वडाका बासिन्दाहरूलाई पायक पर्ने उपयूक्त स्थानमा जग्गा उपलब्ध गराउन राष्ट्रिय आवास कम्पनी पुनर्वासलाई सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं ७.५ः प्रस्ताव नं ५ माथि छलफल गर्दा ५ नं प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालय र यस कार्यालय विच भएको सम्झौता अनुसार चालु आ.व.मा यस नगरपालिकाको पालिका स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) तयार गर्ने सन्दर्भमा नगर स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समितिको गठन गर्नुपर्ने भएकोले खानेपानी सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६ अनुसार देहायबमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| क) नगर प्रमुख | अध्यक्ष |
| ख) उपप्रमुख | सदस्य |
| ग) वडा अध्यक्षहरू (सबै वडाका) | सदस्य |
| घ) इलाका प्रहरी कार्यालय बर्दघाटका प्र.नि. | सदस्य |
| ङ) ससस्त्र प्रहरी बल तालिम केन्द्र बर्दघाटका प्र.उ. | सदस्य |
| च) खानेपानी उपभोक्ता समिति मध्येबाट ..........समितिका अध्यक्ष | सदस्य |

स्वास्थ्य र सरसफाई, फोहरमैला व्यवस्थापनको क्षेत्रमा काम गर्ने गै.स.स. मध्येबाट समितिले मनोनयन गरेको १ महिला सहित २ जना

| | |
|---|---|
| छ)...................... | सदस्य |
| ज)................................ | सदस्य |
| झ) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ञ) श्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ट) प्रमुख वास इकाई | सदस्य सचिव |

नि.नं ७.६ः प्रस्ताव नं ६(क) माथी छलफल गर्दा गत आ.व.मा ठेक्का आव्हान भै चालु आ.व.मा कार्यान्वयन अवस्थामा रहेको वडा नं १० स्थित ५२ घोलामा ड्याम निर्माण योजनाको सन्दर्भमा निर्माण व्यावसायी जेनीथ कन्स्ट्रक्सनले उक्त स्थानमा पानि नसुकेको कारण स्वीकृत सटिमेट तथा सम्झौता बमोजिमको कार्य गर्न नसकिने हुँदा उक्त योजनाको कार्यान्वयनको सम्पूर्ण प्रक्रिया स्थगित गरी उक्त ठेक्का प्रयोजनको लागि राखेको वैंक ग्यारन्टी फुकुवाको लागि निवेदन पेश गरेकोमा उक्त क्षेत्रको स्थलगत अनुगमन गरी सोही व्यहोराको फिल्ड प्रतिवेदन प्राविधिक शाखाबाट पेश भएको हुँदा उक्त योजनाको वाँकी कार्य स्थगन गरी नियमानुसार अग्रीम कारवाही अगाडी वढाउने निर्णय गरियो ।

नि.नं ७.७ः प्रस्ताव नं ६(ख) माथी छलफल गर्दा यस नगरपालिका मा अवस्थित ५ नं प्रदेशको पूर्वी प्रवेशद्वारमा रहेको डिजिटल वोर्डको नेपाल विद्युत प्राधिकरणलाई तिर्नुपर्ने नियमित विद्युत विलको भूक्तानी नगरपालिकाबाट गर्ने निर्णय गरियो ।

नि.न ७.७ : प्रस्ताव नं ६(ग) माथी छलफल गर्दा वडा नं १४, ८ र ९ सँस्थागत सुत्केरी वडा घोषडा भै सकेको सन्दर्भमा अन्य वडाहरूमा पनि जति सक्दो चाँडो घोषणा गर्ने गरी कार्य अगाडी वढाउने निर्णय गरियो ।

नि.न ७.७ : प्रस्ताव नं ६(घ) माथी छलफल गर्दा यस नगरपालिकालाई २०७७ असोज मसान्तसम्म बालमैत्री नगरघोषणा गर्ने गरी कार्य अगाडी बढाउने निर्णय गरीयो ।